Australian Government

ParentsNext

# उजुरी, प्रशंसा र सुझाव विधि



## ParentsNext का प्रदायकहरूबाट सहायता

तपाईं सहभागी, सामुदायिक संगठन वा स्थानीय सेवा प्रदायक हुन सक्नुहुन्छ । तपाईंले ParentsNext का प्रदायकहरूबाट उच्च गुणस्तरीय सेवा प्राप्त गर्ने अपेक्षा राख्न पर्छ ।

शिक्षा, सीप र रोजगारी विभाग (विभाग) ParentsNext ले कस्तो सेवा प्रदान गर्छ भन्ने कुराको अनुगमन गर्छ । ParentsNext का सबै प्रदायकहरूले ParentsNext को सेवाको प्रत्याभूति र सेवा प्रवाह योजनामा उल्लिखित सेवा तथा व्यवहारको मापदण्ड पूरा गर्नु पर्ने हुन्छ । ParentsNext का प्रदायकले तपाईंलाई यी दस्तावेजहरू उपलब्ध गराउन सक्छन् ।

ParentsNext को सेवाको प्रत्याभूति विभागको वेबसाइटमा पनि उपलब्ध छ । ParentsNext का प्रत्येक सेवा प्रवाह योजना सो प्रदायकको **jobsearch.gov.au/ServiceProviders/Search** मा रहेको Connections for Quality पृष्ठमा उपलब्ध हुन्छ ।

**तपाईं आफूले ParentsNext को प्रदायकबाट प्राप्त गरेको सहायतालाई लिएर चिन्तित हुनुहुन्छ भने तपाईंले निम्न कुराहरू गर्नुपर्छ:**

- यस विषयमा सुरुमा सम्बन्धित प्रदायकसँगै छलफल गरेर समाधान निकाल्न खोज्नुहोस् । सबै प्रदायकहरूसँग उजुरीहरूको समाधान गर्ने विधि उपलब्ध हुन्छन् ।
- तपाईं आफ्नो प्रदायकसँग यो विषयमा छलफल गर्न सक्नुहुन्न वा तपाईं छलफलबाट आएको परिणामप्रति सन्तुष्ट हुनुहुन्न भने तपाईंले विभागलाई सम्पर्क गर्नु पर्छ ।
- तपाईं विभागको राष्ट्रिय ग्राहक सेवा विभागको (ल्याण्डलाइनबाट टेलिफोन गर्न शुल्क नलाग्ने) टेलिफोन **1800 805 260** मा सम्पर्क गर्न वा यो फाराममा उपलब्ध गराइएको खाली ठाउँमा आफ्नो उजुरीको विवरण हाली तल सूचिकृत ठेगानामा पठाउन सक्नुहुन्छ ।

## विभागले के गर्ने छ ?

तपाईंले राष्ट्रिय ग्राहक सेवा विभागको टेलिफोनमा सम्पर्क गर्नुभयो भने ग्राहक सेवा विभागका कर्मचारीले तपाईंलाई आवश्यक जानकारी प्रदान गर्ने छन् । आवश्यक भएमा उनले तपाईंको प्रदायकलाई सम्पर्क गरी राय लिने छन् । तपाईंको उजुरी द्रूत रूपमा र न्यायोचित ढङ्गले समाधान गरिने छ ।

तपाईंले विभागमा उजुरी पेस गर्नुभएको छ तर यस सम्बन्धमा गरिएको निर्णयसँग सन्तुष्ट हुनुहुन्न भने तपाईं कमनवेल्थ लोकपाल (Commonwealth Ombudsman) मा उजुरी पेस गर्न सक्नुहुन्छ । यो लोकपालले तपाईंको उजुरीको सन्दर्भमा विभागले गरेको निर्णयको समीक्षा गर्ने छ । तपाईं कमनवेल्थ लोकपालको वेबसाइट: **www.ombudsman.gov.au** हेर्न पनि सक्नुहुन्छ ।

### गोपनीयता कथन

**तपाईंको व्यक्तिगत जानकारी *गोपनीयता ऐन 1988* (गोपनीयता ऐन) लगायतका कानुनबाट संरक्षित हुन्छ । शिक्षा, सीप र रोजगारी विभागको गोपनीयता नीतिमा विभागले संकलन, प्रयोग, भण्डारण र खुलासा गर्ने जानकारी तथा तपाईं सो जानकारी कसरी हेर्न वा संशोधन गर्न सक्नुहुन्छ भन्ने बारेमा थप विवरण दिइएको छ । यसमा गोपनीयता उल्लंघनको घटना वा आफ्नो उजुरीमा गरिएको कारबाहीका बारेमा उजुरी गर्नका लागि आवश्यक जानकारी पनि दिइएको छ ।**

## यो फाराम पेस गर्ने तरिका

यो फाराम भरेर इमेल वा हुलाकबाट पठाउन सकिन्छ ।

**इमेलबाट:** nationalcustomerserviceline@dese.gov.au

**हुलाकबाट पठाउने ठेगाना:** National Customer Service Line
Department of Education, Skills and Employment State Office
Reply Paid 9880
Adelaide SA 5001

**म शिक्षा, सीप र रोजगारी विभागलाई यो फाराममा उल्लिखित जानकारी तपाईंको प्रदायकसँग आदान प्रदान गर्ने अनुमति दिन्छु:** ○ अँ ○ अहँ

तपाईं आफ्नो समस्याको सन्दर्भमा विभागले आफूलाई वा आफ्नो ParentsNext प्रदायकलाई सम्पर्क गरोस् भन्ने चाहनुहुन्छ भने कृपया तल दिएका कम्तीमा तीन विकल्पहरू उपलब्ध गराउनुहोस् ।

**नाम थर**

**जब सिकर पहिचान नम्बर (JSID)**

**Centrelink ग्राहक सन्दर्भ नम्बर (CRN)**

**पोष्टकोड** **टेलिफोन**

**मोबाइल**

**इमेल**

**सोधपुछको प्रकार: (कृपया छान्नुहोस्)**

○ उजुरी(हरू) ○ प्रशंसा ○ सुझाव

**प्रतिक्रियाहरू:**

**अतिरिक्त कागजात:**

○ अँ ○ अहँ

**अतिरिक्त पृष्ठ संख्या:**

**थप जानकारीको लागि dese.gov.au/parentsnext हेर्नुहोस्**